# सिस्ने विकास गतिविधि

श्रावण अङ्क

वर्ष-१ अङ्क-१ २०७७/०५/०१



## सल्लाहकार

श्री कुमारी बराल गौतम
अध्यक्ष

श्री गोबर्धन बुढा
उपाध्यक्ष

## संयोजक

श्री चिन्तामणि दाहाल
निमित्त प्रमुख प्रशासकिय अधिकृत

## लेखन तथा सम्पादक

श्री मदन खड्का
अधिकृत छैटौं

## सहयोग

श्री अच्युत पन्थी
सूचना प्रविधि अधिकृत
श्री रमेश देवकोटा
कम्प्युटर शिक्षक
रुक्मिणी मा.वि. रुकुमकोट रुकुम पूर्व

## मुद्रक

न्यू अमर छापाखाना रुकुम (पूर्व)

## प्रकाशक

सिस्ने गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)


# सम्पादकीय

२१औं शताब्दी सूचना, सञ्चार, खुलापन र पारदर्शिताको युग हो । यस समयमा सुशासन र प्रभावकारी सेवा प्रवाहका लागि सञ्चार अपरिहार्य छ । स्थानीय सरकार स्थापना पछि स्थानीय तहमा विभिन्न कार्यहरु भएका छन् । सिस्ने गाउँपालिकाले गरेका कार्यहरुको बारेमा सुसूचित हुने अधिकार आम नागरिकलाई छ । नेपालको संविधानको धारा २७ ले नागरिकलाई सूचनाको हक प्रदान गरेको छ । केही सूचनाहरु नागरिकले मागेर प्राप्त गर्न सक्छन भने केही सम्वन्धित निकायले आफै प्रकाशन, प्रशारण गर्नु पर्दछ । तथापी सूचनाको हकका सिमाहरु पनि रहेका छन् ।

जनताको सुसुचित हुने अधिकारलाई मध्यनजर गर्दै सिस्ने गाउँपालिकाले **'सिस्ने विकास गतिविधि'** नामक मासिक पत्रिका प्रकाशनको थालनी गरेको छ । यस क्रममा पाठक वर्गको रचनात्मक टिप्पणी एवं सल्लाह सुझावको अपेक्षा गरिएको छ । जन प्रतिनिधि तथा सिस्ने गाउँपालिकाले गरेका कार्यहरु बारे अब निरन्तर जनतालाई प्रिन्ट मिडियावाट पनि सुसूचित गराउने हाम्रो प्रयासमा सवैको सकारात्मक सहयोग रहनेछ । आर्थिक बर्ष २०७७/०७८ को प्रारम्भ सँगै श्रावण महिनाको गतिविधी सहित मासिक पत्रिका प्रकाशन गर्ने जमर्को गरेका छौं ।

प्रिन्ट मिडियाले अभिलेखको काम समेत गर्दछ । जन प्रतिनिधी एवं समग्र गाउँपालिकाले गरेका कार्यहरुको प्रकाशनबाट जनताले कामको मूल्याङ्कन तथा लेखा जोखा गर्नुहुनेछ । यसबाट गाउँपालिकाको कार्य थप प्रभावकारी वनाउने सहयोग पूग्नेछ । पत्रिका प्रकाशनकालागि विभिन्न क्षेत्रबाट सहयोग प्रदान गर्ने सम्वद्ध सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । आगामी समयमा पाठकको रचनात्मक मार्गदर्शनको खाँचो रहने छ ।

# COVID-19

## किन छिटो फैलिरहेको छ ?

## ३ मुख्य कारण



यी मेरै अफिसका सहकर्मी हुन् । उनिहरूसँग बोल्दा मास्क लगाउनु पर्दैन. सर्दैन ।



यी मेरा मिल्ने साथीहरु हुन् । उनिहरूसँग बोल्दा मास्क लगाउनु पर्दैन. सर्दैन ।



यी मेरा नातेदार हुन् । उनिहरूसँग बोल्दा मास्क लगाउनु पर्दैन. सर्दैन ।

“मान्छे आफ्नो होला, रोग आफ्नो हुँदैन् सचेत रहौं ”

# सिस्ने गाउँ कार्यपालिकाको ५३ औं बैठकका निर्णयहरु

गाउँ कार्यपालिकाका अध्यक्ष श्री कुमारी बराल (गौतम) ज्यूको अध्यक्षतामा बसेको बैठकमा सबैभन्दा पहिले प्रथम चालु आ व २०७६।०७७ मा यस गाँउपालिकाले सम्पादन गरेका योजना / कार्यक्रमहरु लगायत अन्य कार्यहरुको सन्दर्भमा व्यापक समिक्षा गरिएको थियो । अघिल्लो आ. व. मा कार्यक्रम संचालनको क्रममा देखे भोगेका कमी कमजोरीहरुलाई सिकाइको रुपमा ग्रहण गर्दै यस आ व मा गरीने कृयापलापहरुलाई नियमानुसार थप रचनात्मक तथा प्रभावकारीढंगले कार्यान्वयन गर्ने प्रतिबद्धता सहित निम्नानुसार निर्णयहरु पारित गरिएको थियो ।



## निर्णय नं १

सामाजिक विकास समितिका संयोजक श्री भद्री थापाले पेश गर्नु भएको छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न बनेको निर्देशिका २०७७ कार्यान्वयन गर्न स्वीकृत गर्ने ।

## निर्णय नं २

कोरोना भाइरस (कोभिड १९) को संक्रमण दिनानु दिन बढी रहेको र विदेशबाट पनि मानिसहरु आउने क्रम जारी रहेकोले नियन्त्रण र रोकथाम गर्न यस गाँउपालिका वडा नं ५ स्थित रुक्मिणी मा वि मा संचालनमा रहेको बल्क नं १ को ३ कोठा भएको क्वारेन्टाइन र बल्क नं ४ को ३ कोठा भएको आइसोलेसन भवनलाई अर्को व्यवस्था नहुन्जेलसम्म निरन्तरता दिने ।

## निर्णय नं ३

नेपाल सरकारले विभिन्न मितिहरुमा कभिड १९ संक्रमण दर बढ्न नदिन सामुहिक भेला, नाचगान, मेला, खेलकुद नगर्न नगराउन परिपत्र गरेको सन्दर्भमा यस वर्षको हरतालिका तिज र पञ्चमी व्रतमा कोरोना भाइरस (कोभिड १९) को संक्रमणलाई नियन्त्रण र रोकथाम गर्न सामुहिक रुपमा पूजापाठ र नाच गान नगर्न नगराउन सबै सिस्नेवासी जनसमुदायलाई सूचना जारी गर्ने र कार्यान्वयनमा आवश्यक सहयोगका लागि जिल्ला प्रशासन कार्यालय रुकुम (पुर्व),जिल्ला समन्वय समितिको कार्यालय रुकुम (पुर्व) र जिल्ला प्रहरी कार्यालय रुकुम (पुर्व),लाई अनुरोध गर्ने ।

## निर्णय नं ४

सिस्ने गाँउपालिका अन्तरगत सानीभेरी नदीको दुवै किनारामा रहेका सम्जेबगर, अमलाचौर बगर, माथिल्लो धाउने र तल्लो धाउने बगर, धनीमारे नथिगाड बगर, सिस्नेरी बगरबाट गिट्टी ढुङ्गा बालुवा निकासीका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरेर मात्र ठेक्का प्रकृया अगाडी बढाउने ।

## निर्णय नं ५

यस पालिका अन्तरगत तपसिल अनुसारका वडा कार्यालय, स्वास्थ्य चौकी, माध्यामिक तहका विद्यालयहरु विद्युतको पहुँच नपुगेका स्थानहरुमा सोलार जडान गरिदिन बैकल्पिक उर्जा प्रबर्धन केन्द्र खुमलटार ललितपुरमा अनुरोध गर्ने ।

- **क** प्वाङ स्वास्थ्य चौकी, वडा नं २
- **ख** अमलाचौर सामुदायिक स्वास्थ्य इकाइ केन्द्र वडा नं ४
- **ग** ढकालबारा स्वास्थ्य चौकी, वडा नं ६
- **घ** सानचौर सामुदायिक स्वास्थ्य इकाइ केन्द्र वडा नं ७
- **ङ** नाथिगाड सामुदायिक स्वास्थ्य इकाइ केन्द्र वडा नं ७
- **च** भुरुङ्गा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र वडा नं ८
- **छ** छिपखोला सामुदायिक स्वास्थ्य इकाइ वडा नं २
- **ज** धपे स्वास्थ्य चौकी वडा नं ८
- **झ** पाखापानी स्वास्थ्य सामुदायिक इकाइ केन्द सिस्ने १
- **ञ** मा वि लम्पाकोट वडा नं ८
- **ट** कोट मा वि रुमालबारा वडा नं ५
- **ठ** मा वि दादिङ वडा नं ४
- **ड** पशु ल्याव भवन गाँउपालिका
- **ढ** कृषि चिस्यान केन्द्र गाँउपालिका

## निर्णय नं ६

सिस्ने गाँउपालिका वडा नं ५ रुकुमकोट स्वास्थ्य चौकी रहेको भवनमा मिति २०७६।०८।०५ गते जिल्ला अस्पताल सञ्चालनमा ल्याउने भएपछि सिस्ने गाँउ कार्यपालिकाको बैठकको निर्णय बमोजिम मिति २०७६।०८।०२ गते वडा नं ६ ढकलबारामा रुकुमकोट स्वास्थ्य चौकी स्थानान्तरण गरीएकोमा नेपाल सरकारको नीति बमोजिम प्रत्येक वडामा एक स्वास्थ्य चौकीको अवधारणा बमोजिम सिस्ने वडा नं ५ रुमालबारामा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र स्थापना गर्ने ।

## निर्णय नं ७

यस सिस्ने गाँउपालिकामा कार्यालय स्थापना गरी कामकाज गरीरहेका सहकारी संस्थाहरु र लघु वित्त संस्थाहरुले आ. व. २०७६।०७७ मा सम्पादन गरेका कामहरुको प्रगति प्रस्तुत गर्न मिति २०७७।०५।१० गते गाँउपालिकाको सभाहलमा समिक्षा बैठक राख्ने निर्णय गरियो ।

## निर्णय नं ८

रुकुम पूर्व जिल्लाको मुख्य व्यापारिक केन्द्र रुकुमकोट शहरीकरण तर्फ उन्मुख भैरहेको छ । यहाँ स्थित विभिन्न होटल पसलहरुमा जथाभावि यत्रतत्र सिसाका वोतलहरु फ्याकीएको देख्न पाइन्छ । यसबाट वजारको सौन्दर्य घटिरहेको छ । यसखालका खाली सिसाका बोतलहरुलाई एक ठाँउमा व्यवस्थित गरी बाहीर निकासी गर्नका लागि सिस्ने वडा नं ५ रानीकोटमा रहेको सार्वजनिक स्थललाई छनौट गरी उक्त बोतलहरुको व्यवस्थापन गर्ने ।

## निर्णय नं ९

ठूला, साना सवारी साधनहरुको संख्या वढी रहेको अवस्थामा पार्किङ गर्न छिप्रिदहमा स्थान अभाव भएको हुँदा सिस्ने गा.पा. वडा नं ६ काजिन्द्रामा निर्माण गरिएको बसपार्क संचालनमा ल्याउन उपयुक्त देखिएकोले मिति २०७७।०५।१५ गते संचालनमा ल्याउने ।

## निर्णय नं १०

यस सिस्ने गाँउपालिकाका सबै वडाहरुमा छाडारुपमा छोडिएका पशु चौपायहरुलाई **छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न वनेको निर्देशिका २०७७** अनुसार पशु धनीलाई प्रति पशु पहिलो पटक रु. ५००।, दोश्रो पटकमा रु. ७५०। र तेश्रो पटकमा रु. १०००। रुपैया जरिवाना गर्ने । सो सम्बन्धमा आम जनसमुदायमा जानकारी गराउन सूचना जारी गर्ने र आवश्यक सहयोगका लागि जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वलाइ अनुरोध गर्ने ।

## निर्णय नं ११

सामुदायिक विद्यालयहरुमा राहत, अस्थायी, स्थायी दरवन्दी नभएकोमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट एकमुष्ट अनुदान प्रदान गर्ने सूचना बमोजिम तपसिल बमोजिमका विद्यालयहरु सिफारिस गरी पठाउने ।

**क** श्री जन चेतना आधारभूत विद्यालय चिसापानी सिस्ने ७

**ख** श्री नव विहानी आधारभूत विद्यालय ढकलबारा सिस्ने ६

**ग** श्री शहिद स्मृति आधारभूत विद्यालय दुदिल्लागैरा सिस्ने

## निर्णय नं १२

रुकुमकोट बजार क्षेत्रमा निर्माण सम्पन्न भएका र निर्माणाधिन सडकहरुमा सडक वरपरका घरधनी र व्यापारीहरुले निर्माण सामग्रीहरु सडकमै राखी मानिसहरु तथा सवारी साधनको आवत जावतमा असहजता उत्पन्न गराएकोले सम्बन्धित व्यक्तिहरुलाई सामग्री हटाउन र नाला सफा गर्ने निर्देशन गर्ने ।उक्त निर्देशन पालना नगरेमा कानुन अनुसार कार्बाही गर्न आवश्यक सहयोगका लागि जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वलाई अनुरोध गर्ने ।

## निर्णय नं १३

प्रदेश नं ५ मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको वार्षिक कार्यक्रम अनुसार कानूनी इन्टर्नसिप कार्यक्रमका लागि कानून तथा संवैधानिक मामिला महाशाखाको मिति २०७७ श्रावण १८ र च नं १२ को प्राप्त पत्रानुसार न्यायिक समितिलाई सहजीकरण गर्न स्थानीय तहको साझेदारीमा हुने उक्त कानूनी इन्टर्नसिप कार्यक्रममा यस सिस्ने गाँउपालिकाले मासिक रु १०,०००। योगदान गर्ने ।

## समाचारमूलक गतिविधि

### १२ घरको सूपरभिजन

सिस्ने गाउँपालिका वडा नं ५ र ६ मा वन्ने व्यक्तिगत भवनको नक्सापास, सुपरभिजन र अनुगमन कार्य इन्जिनियर श्री कर्ण बहादुर केसी र सव इन्जिनियर करण खड्का बाट गरिएको छ । सिस्ने गाउँपालिकाको वडा नं ५ र ६ को शहर उन्मूख बस्तीमा यो कार्य गरिएको हो । गत श्रावण महिना भरी १२ ओटा भवन एवं घरको अनुगमन गरिएको हो ।

### एक लाख बिस हजार राजश्व संकलनः

सिस्ने गाउँपालिकामा विभिन्न शिर्षक अन्तर्गत गत श्रावण महिनामा एक लाख बिस हजार राजश्व संकलन भएको छ । २ वटा प्राइभेट फर्म दर्ता, ९ वटा प्राइभेट फर्म नविकरण, सिफारिस, घर बहाल कर, हेम धागो निकासी, भ्याकुहोलोडर र टिप्पर भाडा लगायत अन्य शिर्षकबाट राजश्व संकलन भएको राजश्व शाखा प्रमुख सुमन न्यौपानेले जानकारी गराउनु भयो ।

### स्वास्थ्य भवनहरुको अनुगमन


आ.ब. २०७६/०७७ मा सुञ्चालित केही योजनाहरुको बाँकी रहेको कामको अनुगमन र सुपरिवेक्षण गरिएको छ । श्रावण दोस्रो र तेस्रो हप्ता गाउँपालिकाको ४, ६ र ७ नं. वडाको स्वास्थ्य भवन



निर्माण कार्यको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, इन्जिनियर लगाएतको टोली द्वारा अनुगमन र सुपरिवेक्षण गरिएको हो ।

## कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम भरियो

सिस्ने गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी जिल्ला समन्वय समितिको कार्यालय रुकुम (पूर्व) मा पठाइएको छ । वार्षिक रुपमा भरिने कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पठाउनका लागि यस पटक श्रावण २१ गते सम्मको समय सिमा निर्धारण गरिएको थियो । जनप्रतिनिधी तथा कर्मचारीहरुको सम्पती विवरण समेत संकलन गरी सम्बन्धित निकायमा पठाइएको छ । साथै सिस्ने गाउँपालिका अन्तर्गतका स्थायी, अस्थायी, राहत, करार शिक्षक तथा कर्मचारीको आ. ब. २०७६/०७७ को सम्पती विवरण र ११३ जना स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम संकलन गरी सम्बन्धित निकायमा पेश गरिएको छ ।



### बृक्षारोपण तथा कृषि सामग्री वितरण

यस सिस्ने गाउँपालिकाको आ.ब. २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न, व्यवसाय दिगो रुपमा संचालन गर्न, प्रविधिमैत्री व्यवसाय गर्न, आवश्यकतामा आधारित बेमौसमी तरकारी, फलफुलका विउँ/बेर्ना उत्पादन गर्न, जिल्लामा आवश्यक पर्ने विभिन्न प्रजातिका फलफुलका विउँ/बेर्ना उपलब्ध गरी आवश्यकता पुर्ति गरी कृषितन्त्रमा थप टेवा पुर्याउन र आफ्नै देश भित्र रोजगार सृजना गर्न साथै



उक्त कृषि व्यवसायमा लागि परेका उद्यमीहरुलाई थप हौसला पुगि अझै कृषि पेशालाई आत्मसाथ गरी आत्मनिर्भर बनाउने उद्देश्यले मिति २०७७/०४/०४ गते यस गाउँपालिकाका अध्यक्ष श्री कुमारी बराल (गौतम), उपाध्यक्ष श्री गोबरधन बुढा र निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री चिन्तामणि दाहाल ज्युको उपस्थितीमा फ्वाजुभदा च्याउ उद्योग तथा बिरुवा उत्पादन नर्सरी सिस्ने–८, थापा नर्सरी फर्म सिस्ने–८, पोखरा नर्सरी उद्योग सिस्ने–३ र जगविर फलफुल तथा नर्सरी उद्योग सिस्ने–७ लाई कृषि सामाग्रीहरु वितरण गरियो ।

## बृक्षारोपण गरियो

श्रावण ७ गतेका दिन पुष्पलाल स्मृति दिवसको अवसर पारेर ने.क.पा. ५ नं. प्रदेश इन्चार्ज, पूर्व जिल्ला सभापति खेममान खड्का, ने.क.पा. ५ प्रदेश सदस्य कृष्ण रेग्मी, जिल्ला सम्नवय समिति प्रमुख श्री गजेन्द्र बहादुर ओली, ने.क.पा. जिल्ला अध्यक्ष श्री महेश श्रेष्ठ, ने.क.पा. जिल्ला सचिव श्री सतमान पुन, ने.क.पा. जिल्ला सदस्य श्री टोप बहादुर वली, सिस्ने गाउँपालिका अध्यक्ष श्री कुमारी बराल (गौतम), उपाध्यक्ष श्री गोबरधन बुढा,

सिस्ने गाउँपालिका ने.क.पा. इन्चार्ज बासुदेव गौतम, लगाएत सिस्ने गाउँपालिकामा विभिन्न शाखामा कार्यरत कर्मचारीहरूको उपस्थितीमा कमलदह वरपर आलङ्कारीक बिरुवा जस्तैः रबट प्लान्ट, रुद्राक्ष, असोका र धुपि लगाएतका बिरुवाहरुको वृक्षारोपण कार्यक्रम सम्पन्न गरियो ।




- बन डिभिजन कार्यालय रुकुम पूर्वको सहयोगमा मिति २०७७/०४/२६ र २७ गतेका दिन यस सिस्ने गाउँपालिकाको अगुवाइमा मध्यपहाडी लोकमार्ग सडक छेउछाउमा वृक्षारेपण कार्यक्रम सम्पन्न गरेको छ । उक्त लोकमार्ग वरपर अमला, बकाइनो जातका करिब १००० थान बिरुवा रुकुमकोट महिला बहुउद्देश्यीय सहकारी संस्थाले वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ ।

## प्रगति विवरण पेश

संघ तथा प्रदेश सरकारबाट माग भए बमोजिम प्रगति विवरण प्रतिवेदन सम्बन्धित निकायहरुमा उपलब्ध गराइएको छ । पूर्वाधार विकास अन्तर्गत भए गरेका कार्यहरुको उपलब्ध ढाँचा बमोजिमको विवरण श्रावण दोस्रो हप्तामा पठाइएको हो ।

साथै सिस्ने गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले संघीय सरकार सशर्त अनुदान तर्फ ०७६।०७७को वार्षिक प्रगति विवरण पठाएको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र ठिमी सानो भक्तपुरमा गत श्रावण१४ गते विवरण पठाइएको शाखा प्रमुख मंगल सिंह बुढाले जानकारी दिनुभयो । शिक्षा क्षेत्रको भौतिक पूर्वाधार, छात्रवृति, शिक्षक, कर्मचारीको तलव भत्ता लगाएतका विविध विषयमा विवरण पेश गरिएको छ ।

## दर विश्लेषण गर्ने काम सम्पन्न

सिस्ने पा. पा. को चालु आ. व. २०७७/०७८ को दर विश्लेषण ( Rate Analysis) तयार गर्ने कार्य सम्पन्न गरिएको छ । गत श्रावण महिनाको अन्तिम हप्ता गरिएको दर विश्लेषणबाट गाउँपालिका भित्रका उपभोक्ता समितिलाई सहज हुनेछ ।

## Online तालिम सम्पन्न

पञ्जिकरण तथा सामाजिक सुरक्षा सम्वन्धी ६ दिने Online तालिम सम्पन्न भएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले सञ्चालन गरेको तालिममा सिस्ने गाउँपालिकाका ३ जना कर्मचारी सहभागि हुनुभयो । तालिममा पञ्जिकरण सम्बन्धी विविध कुरा, सामाजिक सुरक्षा भत्ता दर्ता, नवीकरण, लगत कट्टा,संशोधन गर्ने आदि विषयमा प्रशिक्षण दिइएको थियो ।


सिस्ने गाउँपालिकाको कार्यालयबाटै लिइएको तालिममा सिस्ने गा. पा. को पञ्जिकरण इकाइका




नन्दकला रिजाल, प्रकाश वि.सी. र हुमलाल खड्का Online तालिममा सहभागि हुनु भएको थियो । सहभागिहरुका अनुसार समय सापेक्ष तालिम प्रभावकारी भएको भनाइ छ ।

## पाठ्यपुस्तक लेखन समितिको बैठक सम्पन्न

स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक लेखक समितिको बैठक श्रावण २९ गते सम्पन्न भएको छ । सिस्ने गाउँपालिकाको कार्यालयमा भएको बैठकको अध्यक्षता कुमारी बराल गौतमले गर्नुभयो । चन्द्र बहादुर मल्लको संयोजकत्वमा भएको ५ सदस्यीय पाठ्यपुस्तक निर्माण समितिले ८० % काम सम्पन्न गरेको बताएको छ । शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री मंगल सिंह बुढा का अनुसार कक्षा ६ को पाठ्यपुस्तक लागू भइसकेको र कक्षा ७ र ८ को पाठ्यक्रम तयार भएको छ । कक्षा ७ को पाठ्यपुस्तक आगामी शैक्षिक सत्र र कक्षा ८ को त्यसपछि क्रमश लागू हुनेछ ।



## आन्तरिक लेखा परिक्षण सम्पन्न

सिस्ने गाउँपालिकाको विभिन्न खर्च तथा कोष खाताहरुको आ. ले. प. गरिएको छ । आ. व. २०७६/०७७ को अन्तर सरकारी आख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यालयवाट र वार्षिक वजेटको सिस्ने गाउँपालिकाका आन्तरिक लेखा परिक्षक सुमन न्यौपानेबाट गत श्रावणमा गरिएको हो ।




## VAT तथा TDS विवरण पठाइयो

आ.व.२०७६/०७७ मा सिस्ने गाउँपालिकाबाट कारोवार गरेका विभिन्न फर्महरुको VAT तथा TDS को विवरण आन्तरिक राजस्व कार्यालयमा पठाइएको छ ।

## SUTRA प्रणालीको प्रयोग

विद्युतीय प्रणालीवाट आर्थिक कारोबारको हिसाव किताव राख्न र पारदर्शि बनाउनका लागि SUTRA प्रणालीको प्रयोग थालिएको छ ।

आ.व.२०७७/०७८ को गाउँपालिका वजेट कार्यक्रमहरुको खर्चको स्रोत मिलान तथा वजेटलाई स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट (SUTRA) मा प्रविष्टि गरिएको छ । मुसीकोट न. पा.





## प्रमुख जिल्ला अधिकारीको बिदाई

रुकुम पूर्व जिल्लाका प्रमुख जिल्ला अधिकारी मोहन प्रसाद अर्याललाई बिदाई गरिएको छ । सिस्ने गाउँपालिकाले एक कार्यक्रमका बिच साउन २५ गते बिदाई गरेको हो । २०७६ भाद्र १९ गतेबाट रुकुम (पूर्व) जिल्लामा कार्यरत अर्याललाई फुलमालाका साथ खाँदा ओढाई मायाको चिनो दिएर बिदाई गरिएको हो ।

सिस्ने गाउँपालिकाको सभाहलमा भएको कार्यक्रमको अध्यक्षता गा. पा. अध्यक्ष कुमारी बराल गौतमले गर्नु भएको थियो । स्याङ्जा स्थायी ठेगाना हुनु भएका अर्याल सरुवा भएर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जानुभएको छ । जिल्ला स्थित




सबै सुरक्षा निकायका प्रमुख, सहायक प्रमुख जिल्ला अधिकारी, गा. पा. का नि. प्रमुख प्रशासकिय अधिकृतको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन सिस्ने गा. पा. अधिकृत मदन खड्काले गर्नु भएको थियो ।

विदाई कार्यक्रममा बोल्दै अध्यक्ष बरालले प्रमुख जिल्ला अधिकारीको कार्य कुशलताको प्रसंशा गर्नु भयो ।

## गाउँपालिकाको वडा नं. ५ र ६ मा निर्माणाधिन भवनको अनुगमण र निरिक्षण

गाउँपालिकाको सहरी क्षेत्र बिशेष गरी छिप्रिदहमा निर्माणाधिन आवाशिय तथा सामुदायिक भवनहरुको निर्माण कार्यको अनुगमन तथा सुपरिवेक्षण कार्य गरिएको थियो । अनुगमनमा गाउँपालिकाका इन्जिनियर कर्ण बहादुर के.सी. र सब–इन्जिनियर करण खड्का लगाएतको सहभागिता रहेको थियो ।




### सावुनपानीले हात धुने तरिका र सहि तरिकाले हात धुने चरणहरु :

१. दुवै हातका हत्केला एक आपसमा मिच्ने ।
२. दाहिने हत्केलाले देब्रे हत्केलाको उल्टोपट्टि मिच्ने त्यसैगरी देब्रे हत्केलाले दाहिने हत्केलाको उल्टोपट्टि मिच्ने ।
३. दुबै हातका औँलाहरु एक अर्कामा छिराई दुबै हत्केला एक आपसमा मिच्ने ।
४. दुबै हातका औँलाहरु अर्ध मुठ्ठि बनाइ एक अर्कामा अड्काएर रगड्ने ।
५. एक हातको बुढि औँलालाई आफ्नै हातको मुठ्ठिभित्र घुमाउने र यहि प्रक्रिया अर्कोतिर दोहोर्याउने ।
६. एक हातको पाँचै औँलाका टुप्पालाई अर्को हातको हत्केलामा रगड्ने र यहि प्रक्रिया अर्कोतिर दोहोर्याउने

## कोभिड १९ कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि गरिएका प्रयासहरु:

जनता मा.वि. पोखरा कोरेन्टाइनमा रहेका ब्यक्तिहरु:



रुक्मिणी मा.वि. मा रहेका कोरेन्टाइनमा १४ दिन सम्म बसेर घर जान लागेको अवस्था:



